# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, वैशाख १० गते, २०७४ साल (पूर्वातिरिक्ताङ्क १

## भाग ५

नेपाल सरकार

**गृह मन्त्रालयको सूचना**

नेपाल सरकारले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम निर्वाचन आयोगको परामर्शमा संवत् २०७४ साल वैशाख ३१ गते आइतबारका दिन एकै चरणमा निर्वाचन गर्ने गरी मिति तोकेकोमा सोही दफाको उपदफा (२) बमोजिम सो आयोगको परामर्शमा पहिलो चरणमा प्रदेश नं. ३, ४ र ६ मा संवत् २०७४ साल वैशाख ३१ गते आइतबार र दोश्रो चरणमा प्रदेश नं. १, २, ५ र ७ मा संवत् २०७४ साल जेष्ठ ३१ गते बुधबारका दिन स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति तोकेकोले सोही दफाको उपदफा (५) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
**लोकदर्शन रेग्मी**
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।